# बुटवल पावर कम्पनी लिमिटेडको आ.व. २०६४।६५ को संक्षिप्त आर्थिक विवरण
# (कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम)

शेयरधनीज्यू

यहाँहरुको कम्पनी बुटवल पावर कम्पनी लिमिटेडले जलविद्युत उत्पादन, विद्युत वितरण एवं जलविद्युत परियोजनाहरुको लागि इन्जिनियरिङ परामर्श तथा परियोजना व्यवस्थापन सेवा संचालन गर्दै आएको छ । जलविद्युत क्षेत्रको विकासका लागि आवश्यक अन्य क्षेत्रहरुको विकास समेतलाई मध्यनजर राखी यस कम्पनीको जलविद्युत क्षेत्रसंग प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने अन्य विभिन्न कम्पनीहरुमा लगानी रहेको छ ।

यस कम्पनीले संस्थागत सुशासन तथा शेयरधनीहरुको हितलाई केन्द्र विन्दु बनाएर विगतमा जस्तै आ.व. २०६४।६५ मा कम्पनीको वित्तीय अवस्था एवं व्यवसाय संचालनमा महत्वपूर्ण सुधार गरेको छ ।

यस कम्पनीको आ.व. २०६४।६५ को संक्षिप्त प्रगति विवरण निम्न अनुसार रहेको छ :

- झिमरुक जलविद्युत केन्द्र तथा आधिखोला जलविद्युत केन्द्रवाट उत्पादित विद्युत मध्ये ८७.८२ गेगावाट आवर विद्युत नेपाल विद्युत प्राधिकरणलाई तथा १२.८७ गेगा वाट आवर विद्युत उपभोक्तालाई बिक्री गरिएको छ ।

- विद्युत वितरण सेवा अर्न्तगत १,८५० नयाँ उपभोक्ताहरु थप भई उपभोक्ताको संख्या आ.व.को अन्त सम्ममा जम्मा २८,७६१ पुगेको छ ।

- कम्पनी भित्र तथा वाहिरका विभिन्न परियोजनाहरुको संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनका कार्यहरु संचालन गर्नुको अतिरिक्त देश बाहिर पाकिस्तान स्थित एशियाली विकाश बैंकको परियोजनाहरुमा सुपरिवेक्षण विड प्रस्ताव पेश गरिएको छ ।

- नर्वे तथा USAID को सहयोगमा ग्रामीण विद्युतीकरणको कार्य संचालित छन् ।

- न्यादी हाइड्रोपावर परियोजना विकासको लागि रु. १२१,५२,५०० न्यादी हाइड्रोपावर लि. को साधारण शेयरमा र मस्याङदी तेश्रो परियोजनाको विकासको लागि रु. ९०,००,००० केटोन हाइड्रो पावर लि.को साधारण शेयरमा लगानी गरिएको छ ।

- भिमखोला जलविद्युत परियोजना तथा आधिखोला क्षमता बृद्धि परियोजनाको संभाव्य अध्ययनको कार्य सम्पन्न भएको छ ।

यस कम्पनीको आ.व. २०६४।६५ को वासलातको संक्षिप्त विवरण निम्न अनुसार छन् ।

| वासलात | |
|---|---|
| **विवरण** | **रकम रु.** |
| **कोषको श्रोत** | |
| शेयर पूंजी | ८३९,०५७,७०० |
| जगेडा तथा वचत | ४५५,०९६,७९५ |
| ग्राण्ट रिजर्भ | १०१,६६५,४२५ |
| **जम्मा** | **१,३९५,८१९,९२०** |
| **कोषको प्रवाह** | |
| अचल सम्पत्ति | ७२५,७४२,३७९ |
| पूंजीगत कार्य प्रगति | ७,२४७,२९० |
| शेयर लगानी | ४७७,८५७,६०९ |
| चालु सम्पत्ति | ७७६,०७९,३५७ |
| न्युनः चालु दायित्व | ५९५,८७१,२९३ |
| खूद चल सम्पत्ति | १८०,२०८,०६४ |
| पर सारिएको खर्च | ४,७६४,५७८ |
| **जम्मा** | **१,३९५,८१९,९२०** |

यस कम्पनीको आ.व. २०६४।६५ को नाफा नोक्सानको हिसावको संक्षिप्त विवरण निम्न अनुसार छन् ।

| नाफा नोक्सानको हिसाव | |
|---|---|
| **विवरण** | **रकम रु.** |
| संचालन आम्दानी | ४४६,७३१,७७९ |
| संचालन खर्च | १४७,६८५,३९३ |
| **कुल मुनाफा** | **२९९,०४६,३८६** |
| व्याज आम्दानी | १६,४९५,०५९ |
| लाभांश प्राप्त | १५६,८९४,१७० |
| अन्य आय | ७,४००,७१० |
| बिदेशी मुद्रा सटही दर लाभ | १८,२१७,२६३ |
| **जम्मा अन्य श्रोतवाट आम्दानी** | **१९९,००७,२०१** |
| प्रशासनिक तथा अन्य खर्च | १२५,२६९,८७५ |
| **वोनस र कर अघिको मुनाफा** | **३७२,७८३,७१२** |
| कर्मचारी वोनस व्यवस्था | ९,५०३,६४१ |
| संस्थागत आयकर व्यवस्था | ९,४००,६९१ |
| **बाँडफाँड अघिको खुद मुनाफा** | **३५३,८७९,३८०** |
| **नाफा नोक्सान बाँडफाँड हिसावः** | |
| गत वर्षको बांकी | २२२,८०५,०६६ |
| यस वर्षको थप | ३५३,८७९,३८० |
| **जम्मा** | **५७६,६८४,४४६** |
| प्रस्तावित लाभांश | २५१,७१७,३१० |
| बिगत वर्षको समायोजन | १८,५७०,३४१ |
| **संचित मुनाफा वासलातमा सारेको** | **३०६,३९६,७९४** |

संचालक समितिले शेयरधनीहरुलाई आ.व. २०६४।६५ को लागि चुक्ता पूंजीको ३० (तीस) प्रतिशत लाभांश वितरणको लागि कम्पनीको सोह्रौं औं वार्षिक साधारण सभामा शिफारिस गरेको छ ।

प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनको संक्षिप्त रुप हो ।

कम्पनीका लेखापरीक्षकद्वारा कम्पनीको वार्षिक हिसाव विवरण तथा लेखा सम्बन्धी विवरणमा कुनै कैफियत जनाउनु भएको छैन ।

प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदन अनुरुप छ ।

रंजन लोहार सुन्दर मान श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

# संचालक समितिको तर्फबाट अध्यक्षज्यूले सोह्रौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु हुने

## संचालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

कम्पनीको यस सोह्रौं वार्षिक साधारण सभामा यहाँहरुलाई स्वागत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

यस बुटवल पावर कम्पनीमा लगानी गरेर यहाँहरुले आफ्नो लगानीमा निरन्तर प्रतिफल पाउनुको साथै देश निर्माण को प्रयासमा समेत सघाउनु भएको छ।

बुटवल पावर कम्पनी कार्य कुशलता, संस्थागत नैतिक मूल्य, सुशासन, दृढ मूल्य र मान्यता तथा गुणस्तरिय सेवा प्रति प्रतिवद्ध रहेको छ। यसले आफ्नो व्यवसाय संचालन तथा सरोकारवालाहरु संगका अन्तरकृया लगायतका सवै क्षेत्रमा उच्चस्तरको पारदर्शिता, जवाफदेही र न्यायपूर्ण व्यवहार गदै आएको छ। यस कम्पनीका सवै प्रयासहरु शेयरधनीहरुको महत्व बढाउने तर्फ केन्द्रीत एवं निर्देशित छन्।

संचालक समितिको अध्यक्षको हैसियतले म यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु र कम्पनीले आ.व. २०६४/०६५ मा सम्पादन गरेका कामहरु तपाईंहरु समक्ष राख्न चाहन्छु।

### १.कार्य सम्पादनको सिंहावलोकन

कम्पनीले आर्थिक तथा नियमित कार्य सम्पादनमा महत्वपूर्ण प्रगति गरेको जान्न पाउँदा यहाँहरुलाई खुशी लाग्ने नै छ। उल्लेखित आ.व.मा कम्पनीले रु. ३५ करोड ३८ लाख ८० हजार नाफा गर्न सफल भएको छ, जुन गतवर्ष भएको नाफा रु. २५ करोड २८ लाख ४० हजार को तुलानमा ३९.९६% ले वढी छ र प्रतिशेयर आय गत वर्षको अंक रु. ३०.१३ वाट वढेर रु. ४२.१७ पुगेको छ।

कम्पनी रु. १ अर्व २९ करोड ४२ लाख खुद जेथा (नेट वर्थ) सहित ऋणमुक्त कम्पनीको रुपमा रहेको छ।

**वित्तीय विवरणको मुख्य मुख्य अंश तल उल्लेख गरिएको छ:**

| विवरण | २०६४/०६५ रु. हजारमा | २०६३/०६४ रु. हजारमा | फरक % |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई थोक विद्युत विक्रीबाट | ३७२,५२२ | ३३४,१६६ | ११.४८% |
| आफ्नै उपभोक्ताहरुलाई विद्युत विक्री र सेवाबाट | ५५,३१७ | ४९,२३७ | १२.३५% |
| इन्जिनियरिङ्ग तथा परामर्श सेवाबाट | १८,८९४ | ९,५३४ | ९८.१७% |
| जम्मा संचालन मुनाफा | ४४६,७३२ | ३९२,९३८ | १३.६९% |
| जम्मा संचालन खर्च | १४७,६८५ | ११६,६४२ | २६.६१% |
| कूल संचालन नाफा | २९९,०४६ | २७६,२९६ | ८.२३% |
| अन्य आय | १९९,००७ | ९६,०३२ | १०७.२३% |
| प्रशासकीय तथा अन्य खर्च | १२५,२७० | १०३,९४३ | २०.५२% |
| वाँडफाँड अघिको खुद मुनाफा | ३५३,८७९ | २५२,८४० | ३९.९६% |

यस वर्ष पनि कम्पनीले विद्युत उत्पादन, विद्युत वितरण र जल विद्युत तथा पूर्वाधार विकास आयोजनाका लागि इन्जिनियरिङ्ग र परामर्श सेवा प्रदान गर्ने मुख्य तीन वटा व्यवसायिक क्षेत्रलाई नै निरन्तरता दियो । यसका अतिरिक्त कम्पनीले अन्य कम्पनीहरुमा पनि लगानी गरेको छ । व्यवसायिक क्षेत्रमा भएका मुख्य कामहरु निम्न बमोजिम छन् :-

क. <u>उत्पादन व्यवसाय</u>

आर्थिक वर्ष २०६४/०६५ मा आधिखोला तथा झिमरुक दुवै विद्युत केन्द्र पूर्ण रुपमा संचालनमा थिए ।

झिमरुक विद्युत केन्द्रबाट अहिलेसम्म कै बढी ६७.१९ गिगा वाट घण्टा विद्युत उत्पादन भएको थियो । आधिखोला विद्युत केन्द्रमा रहेका उपकरणहरु पुरानो तथा जिर्ण भएका कारणले पटक पटक विद्युत आपूर्ति रोकिएको भएतापनि दुवै विद्युत केन्द्रहरुबाट यस आर्थिक वर्षमा ३.२८% उत्पादन बृद्धि भई विगत वर्षको उत्पादन १०३.९७ गिगा वाट घण्टाको दाँजोमा १०७.३९ गिगा वाट घण्टा विद्युत उत्पादन भएको थियो ।

यस आर्थिक वर्षको उत्पादनबाट जम्मा रु.३७ करोड २५ लाख आम्दानी भएको छ जुन गत वर्षको तुलनामा ११% ले बढी छ ।

ख. <u>वितरण व्यवसाय</u>

वितरण व्यवसाय स्याङजा, पाल्पा, प्यूठान र अर्घाखाँची समेत ४ जिल्लामा फैलिएर प्राथमिक रुपमा ग्रामीण क्षेत्रमा विद्युत वितरण गरिएको छ । ग्रामीण विद्युतीकरणको शुरुवात सन् १९९० (२०४७ बि.स.) मा गरिएको थियो र नियमित रुपमा यसलाई विस्तार गरिदै हाल २९००० उपभोक्ताहरुलाई विद्युत उपलव्ध गराउन सकिएको छ ।

यस आर्थिक वर्षमा १८५० उपभोक्ताहरु वितरण प्रणालीमा थपिएका छन् र तोकिएको परिमाणको प्रयोग पछि विद्युत काट्ने (कट आउट) प्रणाली अर्न्तगतका ३४०४ उपभोक्ताहरुलाई मिटर प्रविधिमा परिणत गरिएको छ । यसरी २०६५ साल आषाढ मसान्त सम्मको गणनामा जम्मा उपभोक्ता संख्या २८७६१ पुगेको छ ।

विद्युत वितरण केन्द्रहरु गल्याङ तथा प्यूठानमा उपभोक्ता संख्या क्रमशः ६% र ९% ले बृद्धि भएको छ । आर्थिक वर्षको अन्तमा उपभोक्ताको मिश्रित आँकडा ६९.१% घरेलु मिटर जडित, २९.५% घरेलु कट आउट र १.३% उद्योगहरु रहेका छन् ।

यस आर्थिक वर्षमा १२.८७ गिगा वाट घण्टा विद्युत विक्री गरिएको थियो जुन गत वर्षको भन्दा २.७३% ले वढी छ । यस वर्षको कुल आम्दानी रु. ४ करोड ९१ लाख रह्यो जुन विगत वर्षको भन्दा ८% ले वढी छ ।

ग. <u>इन्जिनियरिङ्ग तथा परामर्श सेवा व्यवसाय</u>

बि.पि.सि हाइड्रो कन्सल्ट, इन्जिनियरिङ्ग तथा परामर्श ईकाइले विभिन्न कम्पनीहरुका जलविद्युत आयोजनाहरुलाई तथा निर्माणको विभिन्न चरणमा रहेका कम्पनीका नयाँ आयोजनाहरुलाई इन्जिनियरिङ्ग तथा परामर्श सम्वन्धी सेवाहरु प्रदान गरेको छ ।

विभिन्न आयोजनाहरुका लागि सम्भाव्यता अध्ययन र वातावरणीय मुल्याङ्कन गर्नुको साथै वि.पि.सी हाइड्रो कन्सल्टले REGDAN/REEP को ग्रामीण विद्युतीकरण आयोजना अन्तरगत स्याङजा, पाल्पा, प्यूठान र आधिखोलामा ग्रामीण विद्युतीकरण कार्यान्वयनमा संलग्न रहेको थियो ।

बि.पि.सि हाइड्रो कन्सल्ट छिमेकी मूलुकमा सेवा विस्तार गर्न विभिन्न अन्तराष्ट्रिय फर्मसंग मिलेर काम गर्दैछ । बि.पि.सि हाइड्रो कन्सल्टले पञ्जाव (पाकिस्तान) मा एसियाली विकास वैंकको सहायतामा संचालित हुने १० वटा आयोजनाहरुको छनौट गर्न तथा नयाँ सम्भाव्यता अध्ययन गर्नका लागि अन्तराष्ट्रिय वोलपत्रद्वारा योग्य ठहरिएको छ र भुटानमा पनि व्यवसायिक अवसरका लागि प्रयास गरी रहेको छ ।

इन्जिनियरिङ्ग तथा परामर्श सेवाबाट आम्दानी गत वर्षको तुलनामा ९८.१७% ले बढेर यस वर्ष रु. १ करोड ८८ लाख भएको छ ।

आ.व. ०६४/६५ को शुरुमा बि.पि.सि हाइड्रो कन्सल्टसँग ७ वटा ठेक्का ☎❦⑥⑤⓿⑨❧❦⓿🗋 का काम थिए । उक्त आर्थिक वर्षमा थप नयाँ ८ वटा ठेक्का प्राप्त भए । उक्त अवधिमा जम्मा ७ वटा ठेक्काका कामहरु सम्पन्न भएका थिए । हाल रु. २० करोड ७६ लाख मूल्य बराबरको ८ वटा ठेक्काको काम भइरहेको छ ।

## २. संचालक समिति

यस वर्ष संचालक समितिमा शेयरधनीको प्रतिनिधित्वमा कुनै हेरफेर भएन । संचालक समितिमा सांग्रिला इनर्जि लिमिटेडको प्रतिनिधित्व गर्ने चार जना संचालकहरु, इन्टरक्राफ्ट नेपाल ए. एस.को प्रतिनिधित्व गर्ने एक जना संचालक, नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, युनाइटेड मिसन टू नेपाल तथा नेपाल औद्योगिक विकास निगमको प्रतिनिधित्व गर्ने एक जना संचालक र सर्वसाधारण तथा कर्मचारीहरुको प्रतिनिधित्व गर्ने एक जना संचालक रहेका थिए । सांग्रिला इनर्जि लिमिटेडले श्री राजीव राजभण्डारीलाई जुन ४, २००८ मा वैकल्पिक संचालकको रुपमा नियुक्त गरेको छ ।

संचालक समितिका सदस्यहरु तथा कम्पनीको शेयर स्वामित्व सम्बन्धी विवरण अनुसूची १ र २ मा दिइएको छ ।

संचालक समितिले सवै कानूनी तथा नियमन सम्बन्धी आवश्यक कुराहरुको पालना गरेको छ । संचालकहरुले कम्पनी ऐन, २०६३ बमोजिम एकल तथा संयूक्तरुपमा पुरा गर्नु पर्ने सवै जिम्मेवारीहरु कुशलता पूर्वक र प्रभावकारी रुपमा पुरा गरेका छन् । कुनै पनि संचालकले संचालक समितिको निर्णय वमोजिम कम्पनीलाई साहायक कम्पनीहरुको संचालक समितिमा प्रतिनिधित्व गर्ने वाहेक अन्य यस्तै समान उद्देश्य भएका कम्पनीहरुमा संचालकको भूमिका निर्वाह गर्नु भएको छैन ।

## ३. संचालक समितिले गठन गरेका समितिहरुः

संचालक समितिले व्यवस्थापनलाई श्रोतको अधिकतम उपयोग गर्न, व्यवस्थापन संरचनामा सूधार ल्याउन र कम्पनीको विकास र विस्तार सम्बन्धी योजनाहरु बनाउने उद्देश्यले गठन गरेको कार्यकारिणी समितिले आफ्नो सवै जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतलाई हस्तान्तरण गरे पश्चात कार्यकारिणी समिति विघटन गरिएको छ ।

कम्पनीको वित्तिय सुशासनलाई सुदृढ बनाउन लेखापरीक्षण समितिले महत्वपूर्ण भुमिका खेलेको छ । बजेटको पुनरावलोकन, सुपरिवेक्षण तथा नियन्त्रण गर्न बजेट समितिले सञ्चालक समितिलाई सहयोग पुऱ्याएको छ ।

यस वर्ष नायव-महाप्रवन्धकहरुको तलव तथा सुविधाहरुको पुनरावलोकन गर्न संचालक समितिले श्री ज्ञानेन्द्र लाल प्रधान, श्री विजय बहादुर श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृत रहेको एक तलव निर्धारण समिति गठन गरेको थियो ।

लेखापरीक्षण समिति तथा बजेट समिति गठनको विवरण अनुसूची ३ मा दिइएको छ ।

४. **कम्पनी व्यवस्थापन**

यस आर्थिक वर्ष भरी नै श्री रन्जन लोहरले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्नु भयो । तर, यस वर्ष कम्पनी उच्च व्यवस्थापनमा भने हेरफेर भएको छ । नायव महाप्रवन्धकको दुई रिक्त पदमा नियुक्ति गरिएको छ । नवनियूक्त श्री मनोहर श्रेष्ठ इन्जिनियरिङ्गको र श्री देवी प्रसाद दाहाल संगठन समन्वयको नायव महाप्रवन्धक हुनु हुन्छ ।

आर्थिक वर्ष २०६४/०६५ को अन्तमा जम्मा कर्मचारी संख्या ३१२ रहेका थियो जसमा २८४ पुरुष र २८ महिला रहेका थिए । कम्पनीको आवश्यकता र भविष्यमा गरिने विस्तार योजना अनुसार कर्मचारीहरुलाई विभिन्न तालिमहरु प्रदान गरिएको थियो ।

यस आर्थिक वर्षमा व्यवस्थापन कार्यमा जम्मा रु. ५३,५०८,५८६ खर्च भयो ।

कम्पनीको उच्च व्यवस्थापन र वरिष्ठ कार्यकारीहरुका विवरण अनुसूची ४ मा दिइएको छ ।

५. **कम्पनीको पहिचान (लोगो) मा हेरफेर**

कम्पनीले आफ्नो व्यवसाय संचालनमा एकरुपता तथा व्यवसायिकता दर्शाउने ध्येयले २३ जेष्ठ २०६५ (५ जुन २००८) मा विश्व वातावरण दिवसको अवसर पारेर पून: परिभाषित संस्थागत पहिचान (लोगो) ल्याएको छ । लोगोमा रहेको निलो रङ्गले शान्त आकास र हिमालहरुबाट वगेको चिसो पानीको प्रतिनिधित्व गर्दछ भने सुन्तला रङ्गले उर्जा जनाउँछ ।

६. **जोखिम व्यवस्थापन**

जोखिम व्यवस्थापन व्यवसाय संचालनको अभिन्न अंगको रुपमा रहेको छ । कम्पनीबाट नियमितरुपमा गरिएका आन्तरिक लेखापरीक्षणवाट कम्पनीको सम्पत्ति, वित्तीय र लेखा प्रकृयाहरु र नियन्त्रणमा जोखिम व्यवस्थापन भएको कुरालाई पुष्टि गरेको छ । कम्पनीको सम्पत्ति तथा जोखिमहरुलाई पर्याप्त मात्रामा वीमा गराई सुरक्षण प्रदान गरिएको छ ।

७. **संस्थागत सामाजिक उत्तरदायित्व**

कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्व पुरा गर्न संस्थागत सामाजिक जिम्मेवारी अन्तर्गत भिमरुक तल्लो तटिय सुधार कार्यक्रम, सिचाई प्रणाली निर्माण, नदी नियन्त्रण कार्यक्रमहरु, कम्पनीको हाता भित्र बृक्षारोपणका साथै अन्य व्यवसाय विकास जस्ता कार्यक्रमहरु संचालन गरेको छ ।

कम्पनीले कोशी बाढी पिडितहरुको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पनि योगदान गऱ्यो ।

८. **सहायक तथा सम्बद्ध कम्पनीहरु**

कम्पनीले जलविद्युत क्षेत्र तथा आर्थिक-सामाजिक विकास संग सम्बन्धित कम्पनीहरुको स्थापना तथा प्रवर्धन गरेर जलविद्युत क्षेत्रको विकासमा अगुवाई गरेको छ । यस कम्पनीको सहायक तथा सम्बद्ध कम्पनीहरुमा संलग्नता तथा प्रस्तुती नीतिगत रहेको छ र सो सम्बन्धमा समय समयमा कम्पनीको हित अनुरुप पुनरावलोकन गर्ने गरिएको छ ।

देशको एक मात्र हाइड्रो-मेकानिकल तथा इलेक्ट्रो-मेकानिकल उपकरणको निर्माता नेपाल हाइड्रो एण्ड इलेक्ट्रीक लिमिटेडले यस वर्ष रु. ४१ करोड* कारोवार गरेको थियो र कूल रु. २ करोड १६ लाख* खुद नाफा गरेको छ । यस कम्पनीले देश भित्र मात्र आफ्नो वजारको बृद्धि गरेको नभई चुखा विद्युत केन्द्रको हाइड्रो टर्वाइनको सफल मर्मत पछि भुटानमा नयाँ आयोजनाहरुमा समेत आफ्नो प्रवेश गराउँदैछ ।

खुदि जलविद्युत आयोजना (४ मे.वा.) स्वामित्वमा लिई संचालन गरिरहेको खुदि हाइड्रोपावर लिमिटेडले यस वर्ष रु. ७ करोड ४४ लाख* बरावरको विजुली विक्री गर्न सफल रह्यो । यस आर्थिक वर्षमा वाढीले पटक पटक अवरोध गरेकोले कूल रु. ८,४२०,१४७* को नोक्सान भएको छ ।

खुदि विद्युत केन्द्र मिति ११ भाद्र २०६५ (२७ अगष्ट २००८) मा आएको ठूलो वाढीको चपेटामा परेको थियो । वाढीले पावर हाउसमा रहेका उपकरणहरुलाई डुवाउनुको साथै त्यहाँ रहेका भवन तथा पेनस्टक पाइप तथा एङ्कर व्लकहरुमा नराम्रोसंग क्षति पुऱ्याएको थियो । विद्युत केन्द्रलाई पुर्नस्थापना गरी पूर्वाअवस्थामा ल्याउनको लागि तिव्र गतिमा काम भइरहेको छ र डिसेम्वर महिनाको अन्त सम्ममा विद्युत केन्द्रलाई पूर्ण संचालनमा ल्याउने अपेक्षा गरिएको छ ।

बि.पि.सि सर्भिसेस लिमिटेडले (बि.पि.सि.एस.एल) खुदि विद्युत केन्द्र संचालन तथा सम्भार कार्य गर्दै आएको छ । कूल रु. ९७.२६ लाखको कारोवारबाट यस वर्ष बि.पि.सि.एस.एल.ले रु. १,०१०,५०४ नाफा आर्जन गरेको छ ।

बि.पि.सिको संस्थागत सामाजिक जिम्मेवारी पुरा गर्ने प्रयासको रुपमा झिमरुक औद्योगिक बिकास कम्पनीले क्षमता विकास तालिम तथा विभिन्न व्यवसायिक विकास कार्यक्रमहरुलाई निरन्तरता दिएको छ । झिमरुक औद्योगिक विकास कम्पनीको यस वर्ष कुल आम्दानी रु. १८.६६ लाख रह्यो र घाटा रु.६०२,६३६ रह्यो ।

हाइड्रो ल्याव प्राइभेट लिमिटेडले माथिल्लो तामाकोशीको हेडवर्क्सको मोडल अध्ययन सहित हाइड्रोलिक्स तथा सेडिमेन्ट सम्बन्धमा विभिन्न परियोजनाहरुमा आफ्नो विशिष्ठ अनुसन्धान तथा परामर्श सेवा प्रदान गऱ्यो । कूल रु. १ करोड २४ लाख* आय आर्जन गरेकोमा यस आर्थिक वर्षमा हाइड्रो ल्याव प्राइभेट लिमिटेडले ३,०६७,८१४* नाफा गरेको छ ।

*अस्थाई (Provisional)

६० मे.वा. को खिम्ती १ जल विद्युत केन्द्रको धनी तथा संचालनकर्ता हिमाल पावर लिमिटेडले यस वर्ष खिम्ती १ जलविद्युत केन्द्रबाट रु.२ अर्व १३ करोड २० लाख बरावरको विजुली विक्री गर्न सफल रह्यो र साथै रु.९८,१५,३२,८०७ नाफा कमाउन पनि सफल रह्यो ।

२० मे.वा.को न्यादी जल विद्युत आयोजना विकास गर्ने खास उद्देश्यले स्थापना गरिएको न्यादी हाइड्रो पावर लिमिटेडले निर्माण पूर्वका कार्यहरु पूरा गरेको छ र आयोजना स्थल वरीपरीका क्षेत्रमा जनचेतना तथा तालिमका कार्यक्रमहरु शुरुवात गरेको छ । यो आयोजना विस्तृत डिजाइन तथा हाइड्रोलिक मोडल अध्ययनको चरणमा रहेको छ । यस आयोजनाको निर्माण कार्य विद्युत खरीद विक्री सम्झौतामा हस्ताक्षर भए पश्चात शुरु गरिने छ ।

बि.पि.सि ले केटन हाइड्रो पावर प्रा. लि. को बहुमत शेयर खरीद गरेको छ । यस कम्पनीले ४२ मे.वा. क्षमताको मर्स्याङ्गदी तेश्रो जलविद्युत परियोजना विकास गर्ने छ । उक्त परियोजनाको सम्भाव्यता अध्ययन र वातावरणीय मुल्याङ्कनको कार्य भइरहेको छ ।

बि.पि.सि को आफ्नो सहायक तथा सम्बद्ध कम्पनीहरुमा रहेको शेयर स्वामित्व सम्बन्धी विवरण अनुसूची ५ मा दिइएको छ ।

## ९. लाभांश

संचालक समितिले यस आर्थिक वर्ष २०६४/०६५ को कूल नाफाबाट चुक्ता पूँजीको ३०% बरावरको लाभांश दिन सिफारिस गरेको छ । यसरी यस वर्ष लाभांश स्वरुप वितरण गर्न रु.२५१,७१७,३१० छुट्याइएको छ ।

## १०. क्षेत्रगत स्थिति:

देशमा विद्युतको माग प्रति वर्ष १०% का दरले वढ्न गई यस आर्थिक वर्षमा माग र आपूर्तिको दुरी अझ बढेर गएको छ । विगत ५ बर्षमा क्षमता बृद्धिको दर भने जम्मा ०.३५% ले बढेको देखिन्छ । यसरी माग तथा आपूर्ति विचको फरक अझ बढ्ने क्रममा छ । यो फरक सन् २०११/१२ मा ३५९ मेगावाट पुग्नेछ । त्यसैले नेपाल सरकारले देशको आर्थिक विकासका लागि पूर्वाधार विकासलाई कडीको रुपमा जोड दिँदै देशमा विद्यमान जलविद्युतका श्रोतहरुको उपयोग गरी उर्जा क्षेत्रको विकासमा जोड दिएको छ । त्यसैगरी अहिले बनेको नयाँ सरकारले पनि आगामी १० वर्षलाई विद्युत विकास दशक घोषणा गरेर आगामी १० वर्षमा १०,००० मे.वा. विद्युत उत्पादन गर्ने लक्ष लिएको छ । यस लक्षित क्षमताले देशको चौतर्फी विकासमा टेवा पुऱ्याउने र आर्थिक विकासमा सहजता ल्याउने कुराको आशा गरिएको छ । यस क्षेत्रको विकासको लागि नयाँ प्रस्तावित विद्युत ऐन तथा विद्युत क्षेत्र नियम ऐन महत्वपूर्ण साधन हुने छन् । लामो अवधि देखि पर्खाइमा रहेका उल्लेखित ऐनहरुको निर्माण तथा उच्च समायोजन तथा सुहाउँदो पूर्वाधार विकासले निश्चय पनि १०,००० मे.वा. विद्युत उत्पादनको लक्ष हासिल गर्न मद्दत पुऱ्याउने छ भन्ने मलाई लाग्दछ ।

## ११. आगामी वर्ष

सरकारको १० वर्ष भित्र १०,००० मे.वा. को क्षमता बृद्धि गर्ने लक्षको कारण गम्भिर भएर जल विद्युत विकासमा लाग्छु भन्नेहरुलाई अवसर प्राप्त भएको छ । बि.पि.सि सक्रिय भएकै कारणले १०० मे.वा. भन्दा पनि बढी विद्युत उत्पादन हुने विभिन्न योजनाहरु कार्यान्वयनको क्रममा रहेका छन् । यसरी चालु आर्थिक वर्षको प्राथमिक परियोजनाहरुमा आधिखोला क्षमता बृद्धि आयोजना, न्यादी जलविद्युत आयोजना, भिमखोला विद्युत आयोजना, काबेली-ए जलविद्युत आयोजना र मस्याङ्गदी तेश्रो

जलविद्युत आयोजना रहेका छन् । अन्य सहकर्मीहरुको समेत लगानीमा काबेली-ए जलविद्युत आयोजना विकास गर्न नेपाल सरकार संग चलेको वार्ता सम्पन्न भएको छ र आयोजना विकास सम्झौतामा छिटैनै हस्ताक्षर हुने आशा गरिएको छ । कम्पनी हाल विद्यमान नयाँ आयोजनाहरुको विकास गर्ने कार्यहरुको साथ साथै नयाँ आयोजनाहरु खोज्ने काममा पनि व्यस्त रहेको छ ।

१२. <u>कृतज्ञता ज्ञापन तथा धन्यवाद</u>

अन्त्यमा, कम्पनीको प्रगतिमा सहयोग पुऱ्याउनु हुने सवै संचालकहरु, संचालक समितिले गठन गरेका समितिका सदस्यहरु, प्रवन्धकहरु साथै अन्य कर्मचारीहरुलाई यहाँहरुको सर्मपण र योगदानको लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । यस अवसरमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कम्पनीको हितमा सहयोग पुऱ्याउदै आउनु भएका नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, नर्वे सरकारको वैदेशिक मामिला सम्वन्धी मन्त्रालय, यू.यस. एड, वीनरक इन्टरनेशनलका साथै अन्य दातृ संस्था, उपभोक्ताहरु, ठेकेदारहरु, व्यापारीवर्ग, सहयात्री संस्थाहरु, वैंकहरु, लेखापरीक्षक तथा अन्य सबै सहयोगीहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहान्छु । शेयरधनी महानुभावहरुले यस कम्पनी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

म यहाँहरु सबैलाई पूनः धन्यवाद दिन चाहन्छु ।

संचालक समितिको तर्फवाट

पद्म ज्योति
अध्यक्ष

अनुसूची १

## संचालक समिति

| नाम | प्रतिनिधित्व | पद |
|---|---|---|
| श्री पद्म ज्योति | सांग्रिला इनर्जि लि. | अध्यक्ष |
| श्री प्रदीप कुमार श्रेष्ठ | सांग्रिला इनर्जि लि. | संचालक |
| श्री ज्ञानेन्द्र लाल प्रधान | सांग्रिला इनर्जि लि. | संचालक |
| श्री विजय बहादुर श्रेष्ठ | सांग्रिला इनर्जि लि. | संचालक |
| श्री रत्न संसार श्रेष्ठ, एफ.सि.ए | इन्टरक्राफ्ट नेपाल ए एस | संचालक |
| श्री अनुप कुमार उपाध्याय | नेपाल सरकार, जलश्रोत मन्त्रालय | संचालक |
| श्री सन्तोष कुमार प्रधान | सर्वसाधारण शेयरधनी | संचालक |
| श्री विजय कृष्ण श्रेष्ठ | सांग्रिला इनर्जि लि. | वैकल्पिक संचालक |
| डा. के.वि. रोकाय | इन्टरक्राफ्ट नेपाल ए एस | वैकल्पिक संचालक |
| श्री राजिव राजभण्डारी | सांग्रिला इनर्जि लि. | वैकल्पिक संचालक |

अनुसूची २

## आर्थिक वर्षको अन्त्यसम्म कायम शेयर स्वामित्व संरचना

| शेयरधनीको नाम | स्वामित्वको प्रतिशत | ग्रहण गरेको शेयर संख्या |
|---|---|---|
| सांग्रिला इनर्जि लि. | ६८.९५ | ५,७८५,४६३ |
| सर्वसाधारण/व्यक्तिगत शेयरधनीहरु | १०.०० | ८३९,२०७ |
| नेपाल सरकार | ९.०९ | ७६२,७५५ |
| इन्टरक्राफ्ट नेपाल ए एस | ६.०५ | ५०७,४६९ |
| युनाइटेड मिसन टु नेपाल | २.७९ | २३४,२११ |
| कर्मचारी | २.०० | १६७,८११ |
| नेपाल विद्युत प्राधिकरण | १.०६ | ८८,६१९ |
| नेपाल औद्योगिक विकास निगम | ०.०६ | ५,०४२ |
| **जम्मा** | **१००.००** | **८,३९०,५७७** |

अनुसूची ३

## संचालक समितिवाट गठित समितिहरु

### लेखापरीक्षण समिति

| | |
|---|---|
| श्री रत्न संसार श्रेष्ठ, एफ.सि.ए. | अध्यक्ष |
| श्री प्रदीप कुमार श्रेष्ठ | सदस्य |
| श्री विजय बहादुर श्रेष्ठ | सदस्य |

### वजेट समिति

| | |
|---|---|
| श्री पद्म ज्योति | अध्यक्ष |
| श्री ज्ञानेन्द्र लाल प्रधान | सदस्य |

अनुसूची ४

## उच्च व्यवस्थापन तथा वरिष्ठ कार्यकारीहरु

| नाम | पद |
|---|---|
| श्री रंजन लोहार | प्रमुख कार्यकारी अधिकृत |
| श्री रामभक्त कार्की | नायव महाप्रवन्धक, संचालन |
| श्री विनय भण्डारी | नायव महाप्रवन्धक, योजना तथा व्यवसाय विकास |
| श्री देवी प्रसाद दाहाल | नायव महाप्रवन्धक, संगठन समन्वय |
| श्री मनोहर श्रेष्ठ | नायव महाप्रवन्धक, इन्जिनियरिङ |
| श्री गोपाल चन्द्र जोशी | वरिष्ठ प्रवन्धक, वितरण |
| श्री रत्न शाक्य | वरिष्ठ प्रवन्धक, वित्त |
| श्री प्रकाश कुमार श्रेष्ठ | वरिष्ठ प्रवन्धक, उत्पादन |
| श्री कविन्द्र शर्मा | प्रवन्धक, मानव संशाधन |
| श्री विष्णु प्रसाद श्रेष्ठ | प्रवन्धक, प्रशासन |
| श्री सुरेन्द्र सापकोटा | प्रवन्धक, इन्जिनियरिङ |

अनुसूची ५

## सहायक तथा भगिनी कम्पनीहरुमा स्वामित्व

| कम्पनीको नाम | चुक्ता पूंजी | विपिसिको लगानी | शेयर प्रतिशत |
|---|---|---|---|
| | ने.रु. दश लाखमा | | |
| हिमाल पावर लि. | १,७६४.०० | २६३.०३ | १४.९० |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | १३९.५० | ७१.५८ | ५१.३० |
| खुदी हाइड्रोपावर लि. | १७५.०० | ५०.४ | ६०.०० |
| खुदी हाइड्रोपावर लि. (अग्राधिकार शेयर) | - | ५७.६ | - |
| न्यादी हाइड्रोपावर लि. | २५.०० | १२.१५ | ९७.२० |
| विपिसि सर्भिसेज लि. | १०.०० | १०.०० | १००.०० |
| केटोन हाइड्रोपावर लि. | १०.०० | ९.०० | ९०.०० |
| झिमरुक इन्डष्ट्रियल डिभलपमेण्ट प्रा.लि. | १८.५० | ४.५० | २४.०० |
| हाइड्रो ल्याव प्रा.लि. | ५.०० | १.०० | २०.०० |

| **Sundar & Co.**<br>Chartered Accountants | Pulchowk (Machagaa),<br>Lalitpur 20/8 Gha.<br>P.O.B. 3102 Kahtmandu, Nepal | Phone No. (977-1)5521804/5529942<br>Fax: 977-1-5524804<br>Email: sundar@amit.wlink.com.np |
|---|---|---|

# AUDITOR'S REPORT
# TO
# THE SHAREHOLDERS OF BUTWAL POWER COMPANY LTD.

1. We have audited the accompanying Balance Sheet of Butwal Power Company Limited as of Ashadh 31, 2065 (July 15, 2008) and the related Profit and Loss Account and Cash Flow Statement for the year then ended. These financial statements are the responsibility of the company's management. Our responsibility is to express an opinion on these financial statements based on our audit.

2. We conducted our audit in accordance with the generally accepted auditing standards in Nepal. Those standards require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement. An audit includes examining, on a test basis, evidence supporting the amounts and disclosures in the financial statements. An audit also includes assessing the accounting principles used and significant estimates made by management, as well as evaluating the overall financial statement presentation. We believe that our audit provides a reasonable basis for our opinion.

3. On examination of the financial statements as aforesaid, we report that:
   a) We have obtained all information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our examination.
   b) In our opinion, proper books of account as required by law have been kept by the Company, in so far as appears from our examination of those books of account and the financial statements dealt with by this report are in agreement with the books of accounts.
   c) In our opinion and to the best of our information and according to the explanations given to us, the Board of Directors, the representative, or any employee of the Company has not acted deliberately in contrary to the provisions of the law relating to accounts nor caused any direct loss or damage to the Company.
   d) In our opinion and to the best of our information and according to the explanations given to us, the said financial statements referred to above, read together with the notes attached thereon give a true and fair view:
      i. In the case of the Balance Sheet, of the state of affairs of the Company as on Ashadh 31, 2065 (July 15, 2008) and
      ii. In the case of the Profit and Loss Account and the Cash Flow Statement, the profit of the Company and its cash flow for the year ended on that date.

Sundar Man Shrestha, FCA
Senior Partner
For Sundar & Co.
Chartered Accountants

Date: 17/8/2065
2/12/2008

BUTWAL POWER COMPANY LIMITED

# BALANCE SHEET

As on 31 Ashadh 2065 (15 July 2008)

| | | Particulars | F.Y. 2064/65 Rs. | F.Y. 2063/64 Rs. |
|---|---|---|---|---|
| I | SOURCES OF FUND | | | |
| | 1 | Shareholder's Fund | | |
| | | Share Capital | 839,057,700 | 839,057,700 |
| | | Reserve & Surplus | 455,096,794 | 371,505,066 |
| | | Deferred Income of KHP-I Preparation | | |
| | | Total Shareholder's Fund | 1,294,154,494 | 1,210,562,766 |
| | 2 | Other Funds | | |
| | | Grant Aid in Reserve | 101,665,425 | 84,299,727 |
| | | Funds | | 0 |
| | | Total Other Funds | 101,665,425 | 84,299,727 |
| | | TOTAL | 1,395,819,920 | 1,294,862,493 |
| II | APPLICATION OF FUND | | | |
| | 1 | Fixed Assets | | |
| | | Gross Block | 1,302,313,847 | 1,279,745,528 |
| | | Less: Depreciation | 576,571,468 | 535,852,203 |
| | | Net Block | 725,742,379 | 743,893,326 |
| | 2 | Capital Work in Progress | 7,247,290 | 1,110,414 |
| | 3 | Investment in Share | 477,857,609 | 465,705,109 |
| | 4 | Wilmington Trust for HPL Equity Support | | |
| | | Investment in Shares | | |
| | | Wilmington Trust for HPL Equity Support | | |
| | | TOTAL LONG TERM INVESTMENT (B) | | |
| | 4 | Current Assets: | | |
| | | Stocks | 74,646,551 | 58,896,332 |
| | | Debtors & Accounts Receivable | 88,407,172 | 58,917,140 |
| | | Cash in hand and at Bank | 412,634,609 | 457,034,978 |
| | | Current Work in Progress | 29,943,848 | 23,257,853 |
| | | Advance & Deposit Paid | 170,447,176 | 72,566,692 |
| | | Total Current Assets | 776,079,357 | 670,672,995 |
| | 5 | Less: Current Liabilities | | |
| | | Bank Overdraft | 183,955,841 | 89,946,517 |
| | | Creditors & Accounts Payable | 356,933,880 | 447,705,098 |
| | | Advance & Deposit Received | 29,433,230 | 30,858,341 |
| | | Provisions | 25,548,342 | 18,897,459 |
| | | Total Current Liabilities | 595,871,293 | 587,407,415 |
| | | Net Current Assets | 180,208,064 | 83,265,580 |
| | 6 | Deferred Revenue Expenditure | 4,764,578 | 888,065 |
| | | TOTAL | 1,395,819,920 | 1,294,862,493 |

Padma Jyoti
Chairman

(s.d.)
Pradeep Kumar Shrestha
Director

(s.d.)
Gyanendra Lal Pradhan
Director

(s.d.)(s.d.)
Bijaya Bahadur Shrestha
Director

(s.d.)
Ratna Sansar Shrestha
Director

(s.d.)
Anup Kumar Upadhya
Director

(s.d.)
Santosh Kumar Pradhan
Director

(s.d.)
Ranjan Lohar
Chief Executive Officer
Date:

As per our report of the even date
Sundar Man Shrestha
For Sundar & Company
Chartered Accountants

# BUTWAL POWER COMPANY LIMITED
## PROFIT AND LOSS ACCOUNT
### For the year ended Ashadh 31, 2065 (July 15, 2008)

| Particulars | Schedule | F.Y. 2064/65 | F.Y. 2063/64 |
|---|---|---|---|
| | | Rs. | Rs. |
| OPERATING INCOME | | | |
| Electricity Sale to NEA | | 372,521,461 | 334,165,956 |
| Electricity Sale to Consumers | 15 | 49,166,032 | 45,602,818 |
| Electricity Services | 16 | 6,150,567 | 3,634,632 |
| Consultancy Services | 17 | 18,893,719 | 9,534,939 |
| Total Operating Income | | 446,731,779 | 392,938,344 |
| OPERATING EXPENSES | | | |
| Power Plant Expenses | 18 | 82,514,398 | 74,565,047 |
| Distribution Expenses | 19 | 48,427,976 | 33,303,253 |
| Consultancy Services | 20 | 16,743,019 | 8,774,442 |
| Total Operating Expenses | | 147,685,393 | 116,642,742 |
| GROSS OPERATING PROFIT | | 299,046,386 | 276,295,602 |
| ADMINISTRATIVE AND OTHER EXPENSES | | | |
| Administrative Expenses | 21 | 53,508,586 | 37,644,444 |
| Depreciation | 4 | 55,102,939 | 51,923,817 |
| Provision of Loss in Investment | 22 | 6,868,973 | 9,478,678 |
| Financial Support for Training & Technology Transfer | 23 | 2,543,678 | (370,559) |
| Interest on Loan | | 7,245,699 | 5,266,265 |
| Total Administrative and Other Expenses | | 125,269,875 | 103,942,645 |
| INCOME FROM OTHER SOURCES | | | |
| Interest income | | 16,495,059 | 15,364,708 |
| Other Income | 24 | 1,981,773 | 1,461,610 |
| Depreciation Being Revenue Portion of Grant Aid | | 5,276,103 | 6,964,097 |
| Dividend Received | | 156,894,170 | 97,981,800 |
| Foreign Currency Exchange Income | | 18,217,263 | (25,740,098) |
| Gain on Sale of Assets & Scrap Materials | 25 | 142,834 | - |
| Total Income From Other Sources | | 199,007,201 | 96,032,117 |
| PROFIT (LOSS) BEFORE BONUS & TAX | | 372,783,712 | 268,385,074 |
| Employees's Bonus | | 9,503,641 | 5,926,333 |
| Provision for Corporate Tax | | 9,400,691 | 9,618,781 |
| NET PROFIT (LOSS) BEFORE APPROPRIATION | | 353,879,380 | 252,839,960 |
| Profit & Loss Appropriation Account: | | | |
| Last years balance | | 222,805,066 | 222,131,376 |
| Profit for this fiscal year | | 353,879,380 | 252,839,960 |
| Total | | 576,684,446 | 474,971,336 |
| Less: Dividend of 2057/58 paid | | - | (41,870,880) |
| Less: Proposed Dividend | | (251,717,310) | (209,764,425) |
| Total Dividend | | (251,717,310) | (251,635,305) |
| Prior years adjustment | | (18,570,341) | (530,965) |
| Balance Transferred to Balance Sheet | | 306,396,794 | 222,805,066 |

Schedule 15 to 25 form an integral part of this financial statement.

(s.d.)
Padma Jyoti
Chairman

(s.d.)
Pradeep Kumar Shrestha
Director

(s.d.)
Gyanendra Lal Pradhan
Director

(s.d.)
Bijaya Bahadur Shrestha
Director

(s.d.)
Ratna Sansar Shrestha
Director

(s.d.)
Anup Kumar Upadhya
Director

(s.d.)
Santosh Kumar Pradhan
Director

(s.d.)
Ranjan Lohar
Chief Executive Officer
Date:

As per our report of the even date
Sundar Man Shrestha
For Sundar & Company
Chartered Accountants

BUTWAL POWER COMPANY LIMITED

# STATEMENT OF CASH FLOW

## For the year ended Ashadh 31, 2065 (July 15, 2008)

| Particulars | F.Y. 2064/65 | F.Y. 2063/64 |
|---|---|---|
| Cash Flow from Operating Activities: | | |
| Profit (Loss) Before Appropriation | 353,879,380 | 252,839,960 |
| Adjustments | | |
| Ordinary Depreciation | 35,443,163 | 44,000,183 |
| Depreciation Charged to Grant Aid in Reserve | 5,276,103 | 6,964,097 |
| Increase (Decrease) in Tax Provision | (218,090) | 6,149,460 |
| Increase (Decrease) in Bonus Provision | 3,577,320 | (864,849) |
| Foreign Currency Exchange Loss/(Gain) | (18,217,263) | 25,740,098 |
| Dividend Received | (156,894,170) | (97,981,800) |
| Increase (Decrease) in Loss in Investment Provision | 6,868,973 | 9,278,678 |
| Loss (Gain) on Sale of Assets/Stock Materials | (142,834) | - |
| Operating Profit Before Working Capital Changes | 229,572,570 | 246,125,827 |
| Decrease (Increase) in Debtors & Accounts Receivable | (29,490,032) | (23,404,693) |
| Decrease (Increase) in Stocks | (15,750,219) | (1,273,289) |
| Decrease (Increase) in Current WIP | (6,685,995) | (38,64,194) |
| Decrease (Increase) in Advance & Deposit Paid | (105,165,259) | (7,892,830) |
| Increase (Decrease) in Creditors & Accounts Payable | (94,348,526) | 9,766,753 |
| Increase (Decrease) in Advance & Deposit Received | (1,425,111) | 29,251,221 |
| Advance Tax Paid | 7,284,775 | 1,840,808 |
| Increase (Decrease) in Retained Earning for Tax Adjustment | (18,570,341) | (530,965) |
| Foreign Currency Exchange (Loss)/Gain | 18,217,263 | (25,740,098) |
| Net Cash Flow From Operating Activities (A) | (16,360,876) | 224,278,540 |
| Cash Flow From Investing Activities: | | |
| Gain/(Loss) on Sale of Assets/Stock Materials | 142,834 | - |
| Decrease (Increase) in Deferred Revenue Expenditure | (3,876,513) | 3,480,907 |
| Decrease (Increase) in Land, Building & Office Assets | (13,757,551) | (12,246,848) |
| Decrease (Increase) in Andhikhola Hydro Power Plant & Property | (5,785,395) | (18,898,944) |
| Decrease (Increase) in Jhimruk Hydro Power Plant & Property | (3,025,373) | (20,107,239) |
| Decrease (Increase) in Investment in Share | (12,152,500) | (31,224,000) |
| Decrease (Increase) in Capital Work-in-Progress | (6,136,876) | 17,465,687 |
| Net Cash Flow From Investment Activities (B) | (44,591,375) | (61,530,437) |
| Cash Flow From Financing Activities: | | |
| Increase (Decrease) in Grant Aid in Reserve | 17,365,698 | (6,378,787) |
| Dividend Received | 156,894,170 | 97,981,800 |
| Dividend of 2059/60 paid | - | (41,870,880) |
| Proposed Dividend for the year | (251,717,310 | (209,764,425) |
| Net Cash Flow From Financing Activities (C) | 77,457,442 | (160,032,292) |
| Net Change in Cash & Cash Equivalents (A+B+C) | (138,409,693) | 2,715,811 |
| Opening Cash & Bank Balance | 367,088,461 | 364,372,649 |
| Closing Cash & Bank Balance | 228,678,768 | 367,088,461 |
| Change in Cash & Bank Balance | (138,409,693) | 2,715,811 |

(s.d.)
Padma Jyoti
Chairman

(s.d.)
Pradeep Kumar Shrestha
Director

(s.d.)
Gyanendra Lal Pradhan
Director

(s.d.)
Bijaya Bahadur Shrestha
Director

(s.d.)
Ratna Sansar Shrestha
Director

(s.d.)
Anup Kumar Upadhya
Director

(s.d.)
Santosh Kumar Pradhan
Director

(s.d.)
Ranjan Lohar
Chief Executive Officer
Date:

As per our report of the even date
Sundar Man Shrestha
For Sundar & Company
Chartered Accountants